फोन : ०५६-५०१०२१

# माडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. ०७९/०८०
च.नं. १४२

मिति २०७९।०८।२३

श्री सवै विद्यालयहरु
माडी नगरपालिका ।

विषय : कार्यान्वयन गर्ने सम्वन्धमा ।

उपर्युक्त विषयमा नगरपालिकाबाट जारी २८ बुदे घोषणमा विद्यालयसँग सम्वन्धित विषयहरु सवै विद्यालयहरुले कार्यान्वयन गर्नुहुन अनुरोध छ ।

०७९/८/२३

पुष्पराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

dms.maddimun@gmail.com

Scanned with CamScanner

# माडी नगरपालिका, चितवन

## सार्वजनिक विद्यालय सवलीकरणको मार्गचित्र-२०७६

माडी नगरपालिका क्षेत्रभित्रका सार्वजनिक विद्यालयलाई **"अभिभावकको खोजाइ र विद्यार्थीको रोजाइ"** बनाउनका लागि यस सम्मेलनक सहभागीहरू हामी सबैले **"हामी सुधारौं, हाम्रो विद्यालय"** भन्ने अठोट गर्दै सार्वजनिक विद्यालय सवलीकरणको मार्गचित्र-२०७६ कार्यान्वयन गर्ने प्रतिबद्धतासहित यो घोषणा जारी गरिएको छ:

१. नेपाल सरकारले अघि सारेको वि.सं.२०७६-२०८५ लाई सार्वजनिक विद्यालय रूपान्तरणको दशकीय अभियानलाई सकारात्मक कदमका रुपमा ग्रहण गर्दै राष्ट्रिय तथा प्रादेशिक नीति र तथा मार्गदर्शनको अधीनमा रही माडी नगरपालिकाले आफ्नो छुट्टै कार्ययोजना तथा कार्यक्रम निर्माण गरी सञ्चालन गर्ने छ । सबै बालबालिकालाई प्रारम्भिक बाल विकासको अवसर सुनिश्चित गर्दै सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने, कक्षामा टिकाउने, अनिवार्य रुपमा न्यूनतम सिकाइस्तर हासिल गराउने र विद्यार्थीको व्यवहारिक एवम् आचरणका पक्षमा सुधार गर्ने ठोस रणनीतिसहितको योजनाबद्ध अभियान चलाइनेछ ।

२. विद्यालय शिक्षामा ज्ञान र सीपलाई श्रमसँग, श्रमलाई रोजगारसँग, रोजगारलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोड्न विद्यालयलाई विद्यार्थीको बहुआयामिक प्रतिभा विकासको केन्द्र बनाउनुका साथै क्रमश: विद्यालयहरूमा उत्पादन एकाइ स्थापना गरी शिक्षालाई उत्पादनमूलक बनाउनमा जोड दिइनेछ । त्यस्ता उत्पादन एकाइहरुमार्फत मुलत: कृषि तथा पर्यटन प्रवर्द्धनमा जोड दिइने छ ।

३. नेपालको संविधान र विद्यमान कानूनले दिशानिर्देश गरेबमोजिम अनिवार्य तथा नि:शुल्क शिक्षाको सुनिश्चितताका लागि सार्वजनिक विद्यालयमा आवश्यक शिक्षक र कक्षा कोठा, फर्निचर, शौचालय, प्रयोगशाला, बुक कर्नर, पुस्तकालय लगायतका न्यूनतम् भौतिक एवम् शैक्षिक पूर्वाधार आगामी ३ वर्षभित्र पूरा गराइने छ ।

४. भौगोलिक अवस्था र विद्यार्थी संख्या समेतको विश्लेषण गरी हाल सञ्चालनमा रहेका सार्वजनिक विद्यालयहरूको समायोजन (Merger) तथा कक्षा घटाउने (Down sizing) गर्ने कार्यलाई निरन्तरता दिइने छ । ठूला तथा सुविधासम्पन्न विद्यालय निर्माण गर्ने उद्देश्यसहित सम्भाव्यताको आधारमा नक्शांकन गरी विद्यालयको स्तरोन्नति गरिने छ ।

५. विद्यालयहरूको समायोजन नगरपालिकाको समग्र शैक्षिक सुधारका लागि नगर शिक्षा योजना निर्माण गरी योजनाबद्ध रुपमा सुधारको प्रक्रिया अघि बढाइनेछ । मुलत: शिक्षाको गुणस्तर अभिवृद्धिमा केन्द्रित हुने गरी सबै विद्यालयहरूको सुधार योजना निर्माण एवम् कार्यान्वयन गरिनेछ । त्यस्तो योजना कार्यान्वनयमा स्थानीय समुदाय, आमा समूह र अभिभावकको व्यापक परिचालन गर्ने नीति लिइनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

६. पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाइ पद्धतिमा आमूल परिवर्तन ल्याई २०७७ को शैक्षिक सत्रबाट नै पाठ्यक्रममा आधारित शिक्षण सिकाइ पद्धति अवलम्बन गरिने छ । शिक्षकका लागि पाठ्यक्रम र विद्यार्थीका लागि पाठ्यपुस्तक भन्ने मान्यतालाई वास्तविक रुपमा अभ्यासमा ल्याइने छ । माडीको पहिचानमा आधारित स्थानीय भाषा वा स्थानीय विषयवस्तु समेटेर पाठ्यक्रम निर्माण गरी आगामी शैक्षिक सत्रबाट नै कार्यान्वयनमा ल्याइने छ ।

७. विद्यालय शिक्षा प्रणालीको लगानी, प्रक्रिया र उत्पादन तीनैवटा पक्षहरू समेटिने गरी गुणस्तर सूचकहरूको निर्माण गरी सोको आधारमा सबै विद्यालयहरूमा शैक्षिक सुधारका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

८. सिकाइ सुधार गर्न पाठ्यक्रम तथा पाठ्यपुस्तक सिजनात्मक प्रयोग, पाठ्यक्रम तथा परियोजनामा आधारित शिक्षण सिकाइ विधि तथा प्रविधि र मूल्याङ्कनका तरिकाहरूको प्रयोग गर्ने । कक्षाकोठालाई मनोवैज्ञानिक रुपमा सिकारु मैत्री र सिकाइ केन्द्रित बनाई त्यस भित्रका भौतिक वातावरण तथा शैक्षिक क्रियाकलापहरूमा सुधार गर्दै लगिनेछ ।

९. अभिभावकसँगको साझेदारीमा विद्यार्थीहरूलाई स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजाको प्रबन्ध गरिने छ । आर्थिक रुपले विपन्न, सिमान्तीकृत र लोपोन्मुख समूहका बालबालिकालाई निःशुल्क दिवा खाजाको व्यवस्था गरिने छ ।

१०. सामाजिक अध्ययन, नैतिक शिक्षा, नागरिक शिक्षालगायत नेपाली कला, संस्कृति, मौलिकता सम्बन्धी विषयवस्तुहरू नेपालका राष्ट्रभाषामा अध्ययन अध्यापन गर्न प्रोत्साहन गरिने छ भने गणित, विज्ञान, कम्प्युटर लगायतका विश्वव्यापी ज्ञानसँग सम्बन्धित विषयहरू क्रमशः अंग्रेजी माध्यममा अध्यापन गर्न प्रोत्साहित गरिने छ ।

११. विद्यार्थीको सिकाइको परीक्षण तथा मूल्याङ्कनलाई दैनिक शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्ग बनाउन सिकाइको निरन्तर मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिने छ । मूल्यांकनका आधारमा विद्यार्थीलाई तुरुन्तै पृष्ठपोषण तथा सुधारात्मक शिक्षण पद्धतिको सुदृढिकरण गरिनेछ ।

१२. विद्यालयमा बाल क्लब, हरित क्लब (इको क्लब), नेपाल स्काउट, जुनियर रेडक्रसजस्ता कार्यक्रममा विद्यार्थीको सहभागिता अभिबृद्धि गर्दै बालबालिकाहरूलाई सामुदायिक कार्यमा सहभागी गराइने छ । त्यस्ता कार्यहरूबाट उनीहरूमा असल आचरण र सामूहिकताका भावना विकास गर्नुका साथै मानिस र वातावरणबीच सकारात्मक सहसम्बन्ध कायम गराउन प्रयत्न गरिने छ ।

१३. विद्यालयमा फुलबारी, बगैंचा, जैविक घेराबार विकास र खाली ठाउँमा फलफूलका विरुवा लगाई **हरित विद्यालय** निर्माण गरिने छ । "एक विद्यार्थी एक विरुवा" तथा "एक विद्यालय एक बगैंचा" कार्यक्रम सञ्चालन गरी वातावरण संरक्षणमा बालबालिकाको भूमिका विस्तार गरिने छ ।

१४. नगरपालिकाद्वारा शिक्षकको क्षमता अभिबृद्धि र निरन्तर पेसागत विकासका कार्यक्रम सञ्चालन गरिने छ । शिक्षकहरूमा स्वःअनुशासन र पेसागत नैतिकताको विकास गर्न उत्प्रेरणात्मक उपायहरूको अवलम्बन गरिने छ । विद्यालयका अनुभवी एवम् उत्कृष्ट शिक्षकका माध्यमबाट मेन्टरिङको परिपाटी विकास गरिनेछ । शिक्षकलाई प्रोत्साहन र सम्मानका लागि उत्कृष्ट शिक्षक पुरस्कार तथा सम्मान प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१५. शिक्षकले प्रधानाध्यापकसँग, प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग, विद्यालय व्यवस्थापन समितिका अध्यक्षले नगरपालिका प्रमुखसँग नतिजामा आधारित कार्यसम्पादन करार सम्झौता गरी नतिजाका आधारमा प्रोत्साहन गर्ने प्रणालीलाई थप सुदृढ पारिने छ । प्रधानाध्यापक तथा शिक्षकको कार्यसम्पादन मूल्यांकनमा विद्यार्थीले प्राप्त गरेको नतिजा तथा अद्यावधिक सक्षमतालाई समेत आधार बनाइने छ ।

१६. शिक्षकको नियमितता, कक्षामा बिताउने समय र कार्यसम्पादनलाई मापन गर्ने प्रणाली विकास गरिने छ । यसका लागि सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्नुका साथै विद्यार्थीबाट सूचना लिने व्यवस्था मिलाइने छ । विद्यार्थीको सिकाइ उपलब्धि र विद्यार्थीको सन्तुष्टिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइने छ । विषयगत शिक्षकको नेटवर्क निर्माण गरी अनुभव आदान प्रदान र आपसी सिकाइका लागि नगरपालिकाबाट सहजीकरण गरिने छ ।

१७. पठन संस्कृतिको विकास गर्न विद्यालयमा पुस्तकालय र इ-पुस्तकालयलाई सुदृढीकरण, विद्यार्थीको सहभागितामा पत्रिका, भित्ते पत्रिका प्रकाशन र पुस्तक अध्ययन पश्चात् प्रवचन, प्रश्नोत्तर, प्रश्न निर्माण जस्ता क्रियाकलापको माध्यमबाट विद्यार्थीहरूमा अध्ययन गर्ने बानीको विकास गरिने छ ।

१८. प्रत्येक विद्यार्थीलाई विद्यार्थी उपलब्धी अभिबृद्धि योजना निर्माण गर्न लगाई सोको आधारमा योजनाबद्ध ढंगले सिकाइ उपलब्धि सुधारमा केन्द्रित गराइने छ । योजनाका लक्ष्य हासिल गराउनका निम्ति शिक्षक र अभिभावकलाई समेत जिम्मेवार बनाइने छ । प्रत्येक तीन महिनामा विद्यार्थी मूल्यांकनबाट प्राप्त नतिजाका आधारमा विद्यार्थीको शैक्षिक उपलब्धि समीक्षा गरी सुधार प्रक्रियालाई व्यवस्थित एवम् समयवद्ध बनाइने छ ।

१९. शिक्षकलाई हरेक दिन सरलीकृत दैनिक पाठयोजना र प्रतिविम्बात्मक लेखनसहितको डायरी निर्माण गर्न लगाइने छ । दैनिक पाठयोजनाका आधारमा बालकेन्द्रित रणनीतिहरूसहित शिक्षण सिकाइ सहजीकरण भएको सुनिश्चित गरिने छ । यसका लागि नगरपालिकाबाट प्रभावकारी सहजीकरण, निरीक्षण र अनुगमन व्यवस्था मिलाइने छ ।

२०. चित्रकला, हस्तकला, संगीत, नृत्य, गायन, वाद्यवादन, साहित्य, सामग्री निर्माण, खेलकुद, अभिनय, नाटक लगायतका विद्यार्थीका बहुप्रतिभा प्रस्फुटित गर्ने खालका सह तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिने छ ।

२१. राष्ट्रिय नीति अनुरुप विद्यालय तहमा शिक्षक दरबन्दी पुनर्वितरण कार्य सम्पन्न गरिने छ । शिक्षक दरबन्दी कम भएका विद्यालयहरूका लागि शिक्षक व्यवस्था गर्न नगरपालिकाबाट आवश्यक स्रोत व्यवस्था गरी नगर शिक्षक वा नगर स्वयम्सेवक शिक्षक परिचालन गरिने छ ।

२२. प्रत्येक शैक्षिक सत्रको प्रारम्भमा शिक्षकहरूलाई उत्प्रेरित गर्न कार्यशाला वा अभिमुखीकरणको व्यवस्था मिलाइने छ । सिकाइ सामग्रीसहितको शिक्षणलाई प्रवर्द्धन गर्न सिकाइ सामग्रीको संकलन, निर्माण र प्रयोग गर्न शिक्षकलाई सक्षम बनाइने छ । विद्यालयले ठोस लक्ष्य किटान गरी कक्षागत र विषयगत रुपमा सिकाइ सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ । विद्यार्थीहरूको न्यूनतम् सिकाइ गर्न पाउने अधिकार सुनिश्चित गर्न शिक्षकलाई जिम्मेवार बनाइने छ ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

२३. हरेक तीन महिनामा अभिभावकसँग विद्यार्थीको शैक्षिक उपलब्धी तथा आचरणगत विषयमा अन्तरक्रिया गरी विद्यार्थीको सिकाइ सुधार तथा असल आचरण विकासका लागि शिक्षक, विद्यार्थी र अभिभावकबिच प्रभावकारी सहकार्यको वातावरण निर्माण गरिने छ ।

२४. विद्यालयमा सुशासन कायम गर्न विद्यालयको शैक्षिक, आर्थिक तथा प्रशासनिक गतिविधिसम्बन्धी विद्यालय सम्बद्ध सूचना तथा जानकारी प्रत्येक महिना सार्वजनिक गर्ने व्यवस्था मिलाइने छ । विद्यालयको स्रोत साधनको उपयोग र त्यसबाट प्राप्त नतिजालाई सार्वजनिक गर्नुका साथै विद्यालयको विभिन्न गतिविधिहरूमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अभिभावकलाई सहभागी गराउने व्यवस्था मिलाइने छ ।

२५. विद्यालयको विकास तथा व्यवस्थापनमा समुदाय र अभिभावकको सहभागिता बढाउन उपयुक्त रणनीतिहरू अवलम्बन गरिने छ । विद्यालयको महत्वपूर्ण गतिविधिमा स्थानीय समुदायलाई संलग्न गराइने छ । विद्यालयले समुदायमा हुने सामुदायिक विकास कार्यक्रम, सरसफाई, साँस्कृतिक कार्यक्रम, वृक्षारोपण, प्राकृतिक प्रकोपमा उद्धार जस्ता कार्यमा सहभागिता जनाउने छ । विद्यार्थीहरूलाई जीवनोपयोगी शिक्षा र सीप विकास गर्न आफ्नै समुदायमा परियोजना कार्य गर्न लगाई समाज र संस्कृति सापेक्ष शिक्षा प्रदान गरिने छ । नगरपालिका र वडालाई आवश्यक पर्ने तथ्याङ्क तथा सूचना सङ्कलनका लागि शिक्षक तथा विद्यार्थी परिचालन गरिने छ ।

२६. विद्यालयमा पूर्व विद्यार्थी समाज (एल्मुनाई) गठन गरी विद्यालयको विकासमा सहभागी गराइने छ । सामुदायिक सङ्घ तथा संस्था, सामाजिक अभियान्ता, कलाकार, खेलाडी, सार्वजनिक जीवनमा विशिष्टता हासिल गरेका ख्यातिप्राप्त व्यक्तिहरूलाई सार्वजनिक विद्यालयको सुधारमा उत्प्रेरकका रुपमा सहभागी गराइने छ ।

२७. विद्यालयहरूले गरेका राम्रा र सफल अभ्यास, सिकाइका व्यावहारिक र जीवन्त नमुना संकलन, अभिलेखन गरी समय समयमा सार्वजनिक गरिने छ । विद्यालयका सफलताका कथालाई श्रव्य, दृश्य तथा श्रव्यदृश्यका माध्यमबाट सरोकारवालाहरूलाई जानकारी गराउनुका साथै सोको प्रचार प्रसारका निम्ति सञ्चार माध्यम र सामाजिक सञ्जालको उपयोग गरिने छ । सफलताका कथाहरूको प्रचार प्रसार गरी अरू विद्यालयहरूले सिक्ने वातावरण सृजना गर्दै सर्वाजनिक विद्यालयमा भएका असल अभ्यासको आदान प्रदानको लागि अन्तरक्रिया तथा छलफल कार्यक्रमहरू आयोजना गरिने छ ।

२८. कक्षा दश र बाह्रको परीक्षा दिएर बसेका विद्यार्थीहरुलाई सरकारी तथा गैरसरकारी क्षेत्रको सहकार्यमा सीप विकास तालिम प्रदान गरिने छ । त्यस्ता विद्यार्थीहरुलाई भावी अध्ययनका लागि विद्यालयमार्फत परामर्श सेवा (Career Counseling Service) उपलब्ध गराइने छ ।

पुष्पराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner